# राष्ट्रिय स्वतन्त्र पार्टी

## को

## पालिका अधिवेशन कार्यविधि,२०८१

(पहिलो संशोधन २०८२/०१/०४ सहित)

केन्द्रीय कार्यालय

वनस्थली, काठमाडौं

# राष्ट्रिय स्वतन्त्र पार्टी

## पालिका अधिवेशन कार्यविधि, २०८१

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान २०७९(तेस्रो संशोधन २०८१ समेत) बमोजिम विधि, पद्धतिमा र लोकतान्त्रिक प्रणालीभित्र रही निष्पक्ष, धाँधली रहित र सौहार्दपूर्ण वातावरणमा पालिका अधिवेशनमार्फत पालिका समिति गठन गर्न गराउन केन्द्रीय समितिले यो **"पालिका अधिवेशन कार्यविधि, २०८१"** जारी गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम **"पालिका अधिवेशन कार्यविधि, २०८१"** हुनेछ ।

(२) यो कार्यविधि केन्द्रीय समितिले जारी गरेको मितिदेखि लागू हुनेछ ।

(३) यो कार्यविधि पार्टीको पहिलो पटक आयोजना हुने पालिका अधिवेशनको हकमा मात्र लागू हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'विधान' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको विधानलाई जनाउनेछ ।

(ख) 'तदर्थ पालिका समिति' भन्नाले अधिवेशन अगाडि भेलामार्फत गठन भएको पालिका समितिलाई जनाउनेछ ।

(ग) 'पालिका समिति' भन्नाले यस कार्यविधि अनुसार अधिवेशनबाट गठन भएको पालिका समितिलाई जनाउनेछ ।

(घ) 'सभापति, उपसभापति, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य' भन्नाले पालिका समितिको सभापति, उपसभापति, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यलाई जनाउनेछ ।

(ङ) 'निर्वाचन' भन्नाले अधिवेशन मार्फत समिति चयन गर्नका लागि हुने निर्वाचनलाई जनाउनेछ ।

(च) "निर्वाचन समिति' भन्नाले केन्द्रीय निर्वाचन आयागले पालिका निर्वाचन प्रयोजनको लागि गठित समितिलाई जनाउनेछ ।

(छ) 'संयोजक र सदस्य' भन्नाले गठन भएका तहगत निर्वाचन समितिको प्रमुख र सदस्यलाई जनाउनेछ।

(ज) 'उम्मेदवार' भन्नाले पालिका समितिको तोकिए बमोजिमका पदाधिकारी तथा सदस्यहरुको पदमा विधानको अधिनमा रही उम्मेदवार मनोनयन पत्र दर्ता गरेका व्यक्तिलाई जनाउनेछ ।

(झ) 'मतदाता' भन्नाले पालिका अधिवेशनको लागि तोकिएका प्रतिनिधिलाई जनाउनेछ ।

### ३. अधिवेशनको लागि न्यूनतम मापदण्डः

(१) पालिका भेलामार्फत तदर्थ पालिका समिति गठन भई पार्टीको पोर्टलमा अद्यावधिक भएको हनुपर्ने ।

(२) पालिकाभित्र संगठन निर्माण तथा सदस्यता विस्तार अभियान अनिवार्य संचालन गरेको हुनुपर्ने ।

(३) पालिका भित्रका वडाहरु विधिपूर्वक ३० प्रतिशत अधिवेशन र अध्यावधिक भएको हुन्पर्ने ।

नोटः पालिका भित्रका वडाहरु विधिपूर्वक अधिवेशन र अद्यावधिक भएको पालिकालाई देहाय अनुसारको बार्गिकरण गरिनेछ ।

| | |
|---|---|
| **हरियो सूचक :** | ७० प्रतिशत वडा अधिवेशन भएको |
| **फिका हरियो सूचक :** | ५० पूतिशत वडा अधिवेशन भएको |
| **फिका पहेलो सूचक :** | ३० प्रतिशत वडा अधिवशेन भएको |

### ४. पालिका अधिवेशन आयोजक समिति गठनः

निम्न प्रक्रियाबाट पालिका अधिवेशन आयोजक समिति गठन हुनेछ :

(१) न्यूनतम मापदण्ड पुगेका तदर्थ पालिका समितिले अधिवेशनको लागि अनुसूची-१ बमोजिमको फारम भरी अधिवेशनको अनुमतिको लागि जिल्ला संगठन विभागमार्फत प्रदेश संगठन विभागमा आवेदन गर्नेछ ।

(२) प्रदेश संगठन विभागले सम्बन्धित पालिका अधिवेशनको निम्ति योग्य भए, नभएको जाँचबुझ गरी केन्द्रीय संगठन विभागमा अधिवेशनको लागि सिफारिस गर्नेछ ।

(३) केन्द्रीय संगठन विभागले सम्बन्धित तदर्थ पालिका समितिको विवरणका आधारमा प्रदेश संगठन विभागलाई तत् तत् पालिका अधिवेशन गर्न स्वीकृति दिनेछ । केन्द्रीय संगठन विभागले यो स्वीकृति दिने अधिकार आवश्यकता अनुसार लिखित रुपमा प्रदेश संगठन विभागलाई दिन सक्नेछ ।

(४) पालिका अधिवेशनको लागि प्रदेश संगठन विभागले स्वीकृति पाएको मितिदेखि तदर्थ पालिका समिति **'पालिका अधिवेशन आयोजक समिति'**मा परिणत हुनेछ र सो व्यहोरा प्रदेश संगठन विभागले सम्बन्धित पालिका र जिल्लालाई लिखित जानकारी दिनेछ ।

## ५. निर्वाचन समिति गठनः

केन्द्रीय निर्वाचन आयोगले निर्वाचन नियमावली तथा कार्यविधिले तोके बमोजिम निर्वाचन समिति गठन गर्ने र सोको जानकारी प्रदेश संगठन विभाग, जिल्ला समिति, जिल्ला संगठन विभाग र जिल्लामार्फत अधिवेशन आयोजक समितिलाई दिनेछ। उक्त निर्वाचन समितिले आयोजक समिति र अन्य संयन्त्रसँग आवश्यक समन्वय गरी आफ्नो जिम्मेवारीको कार्य अगाडी बढाउनेछ ।

## ६. अधिवेशनको मिति र स्थान तोक्ने, सूचना गर्ने र तालिका तयारी गर्ने

(१) पालिका अधिवेशन आयोजक समितिले बैठक बसी अधिवेशन गर्ने स्थान, मिति र समय तोकि जिल्ला सभापतिलाई पठाउनेछ । जिल्ला सभापतिले उक्त प्रस्ताव अनुकुल भए नभएको बारे जिल्ला संगठन विभाग मार्फत जाँचबुझ गरी आवश्यक निर्णय लिइ जिल्ला संगठन विभाग मार्फत ३ दिनभित्र आयोजक समितिलाई लिखित जानकारी दिनेछ ।

(२) पालिका अधिवेशन गर्ने निर्णय भए पश्चात् जिल्ला संगठन विभागले प्रदेश संगठन विभाग मार्फत केन्द्रीय संगठन विभाग समेतलाई लेखि पठाउनुपर्नेछ । जिल्ला संगठन विभाग, प्रदेश संगठन विभाग र केन्द्रीय संगठन विभागमा पालिका अधिवेशनबारे अभिलेखीकरण भएको हुनुपर्नेछ ।

(३) अधिवेशनको मिति, स्थान र समय तोकी अधिवेशनको दैनिक तालिका बनाई त्यसै अनुसार तोकिएका सबै प्रतिनिधिहरुलाई समयमा नै पत्राचार गरी, सूचनाहरु जारी गरी आवश्यक कार्य गर्नुपर्नेछ ।

(४) आयोजक समितिले प्रतिनिधिहरुको नामावली संकलन लगायतका कार्यहरु निर्वाचन समितिसँग समन्वय गरी अगाडी बढाउनुपर्नेछ । निर्वाचन समितिले निर्वाचन सम्बन्धी प्रतिनिधिहरुको नामावली प्रकाशन, उम्मेदवारी आव्हान, दाबी विरोध, उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन लगायतको आवश्यक तालिका तयार गरी प्रकाशन गर्नेछ । त्यस्तै निर्वाचन समितिले मतदानबाट समिति चयन हुने अवस्थाको लागि सबै आवश्यक तयारी पूरा गरेर बस्नु पर्नेछ ।

## ७. अधिवेशन प्रतिनिधिहरु र प्रतिनिधि छनौट विधिः

अधिवेशन आयोजक समितिले देहाय बमोजिम पालिका अधिवेशन प्रतिनिधिहरु छनौट गरी प्रतिनिधिहरुको नामावली निर्वाचन समितिलाई उपलब्ध गराउनेछ । पालिका अधिवेशन प्रतिनिधिहरु देहाय बमोजिम छनौट हुनेछः

| क्र.सं. | पालिका अधिवेशन प्रतिनिधिहरु | छनौट विधि |
|---|---|---|
| १ | पालिका समितिका पदाधिकारी तथा सदस्यहरु सबै | केन्द्रीय पोर्टलमा अद्यावधिक भएका पालिका समितिका पदाधिकारी तथा सदस्यहरु सबै अधिवेशनको प्रतिनिधि हुनेछन्। |
| २ | पालिका सल्लाहकार परिषद्का सबै | पालिका अधिवेशन कार्यविधि २०८१ जारी भएको मिति २०८१ फाल्गुन ०८ गते अगाडी मनोनयन भएका पालिका सल्लाहकार परिषद्का सदस्यहरु अधिवेशनको प्रतिनिधि हुनेछन् । त्यस पश्चात् मनोनयन भई पालिका समितिबाट अनुमोदन भएका सदस्यहरु भने अधिवेशनको पर्यवेक्षक मात्र हुनेछन् । |
| ३ | पालिका सम्पर्क विभागको प्रमुख सहित सबै | पालिका समितिको उपस्थितिमा सम्पर्क विभाग नियमावली अनुसार गठन भएका पालिका सम्पर्क विभागहरुको प्रमुख सहित सबै पालिका अधिवेशनको प्रतिनिधि हुनेछन् । |
| ४ | पालिकाभित्रका वडा समितिका पदाधिकारीहरु र सदस्यहरु सबै | • अधिवेशन भई केन्द्रीय पोर्टलमा अद्यावधिक भएका वडा समितिका पदाधिकारी तथा सदस्यहरु सबै अधिवेशन प्रतिनिधि हुनेछन् । |

| | | |
|---|---|---|
| | | • अधिवेशन हुन बाँकी तर केन्द्रीय पोर्टलमा अद्यावधिक भएका तदर्थ वडा समितिको पदाधिकारीहरु (सभापति, उपसभापति र सचिव) अधिवेशन प्रतिनिधि हुनेछन् ।<br>• केन्द्रीय पोर्टलमा अद्यावधिक नभएका तदर्थ वडा समितिको सभापति मात्रै पालिका अधिवेशन प्रतिनिधि हुनेछन् । |
| ५ | पालिका विभाग र ज्याट पदाधिकारी तथा सदस्यहरु सबै | पालिका अधिवेशन कार्यविधि २०८१ जारी भएको मिति २०८१ फाल्गुन ०८ गते अगाडी मनोनयन भएका पालिका विभाग र ज्याट पदाधिकारी तथा सदस्यहरु अधिवेशनको प्रतिनिधि हुनेछन् । त्यस पश्चात् मनोनयन भई पालिका समितिबाट अनुमोदन भएकाहरु भने अधिवेशनको पर्यवेक्षक मात्र हुनेछन् । |
| ६ | पार्टीको तर्फबाट पालिका भित्रबाट निर्वाचित जनप्रतिनिधिहरु | पार्टीकोतर्फबाट पालिका भित्रबाट निर्वाचित जनप्रतिनिधिहरु पालिका अधिवेशन प्रतिनिधि हुनेछन् । |
| ७ | वडाको पार्टी सदस्य संख्याको आधारमा प्रतिनिधि हुने | • सम्बन्धित वडामा मतदाता ठेगाना भएको २१ जनासम्म सदस्य भएको वडाबाट १ महिला सहित ३ जना प्रतिनिधि हुनेछन् भने २२ जनादेखि १०० जनासम्म सदस्य भएको वडाबाट न्यूनतम २ महिला सहित समावेशी हुनेगरी ५ जना प्रतिनिधि हुनेछन् ।<br>• १०० जना भन्दा बढी सदस्य भएको वडाबाट प्रति ५० जना सदस्य बराबर १ महिला सहित २ जना प्रतिनिधि हुनेछन् । |
| ८ | पालिकाबाट प्रतिनिधित्व गर्ने निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश, केन्द्र समितिमा पालिकाबाट प्रतिनिधित्व गर्ने सबै । जिल्ला, प्रदेश, केन्द्रीय विभाग प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यहरु सबै । | पालिका समितिभन्दा माथिल्लो संयन्त्रबाट प्रतिनिधि हुन सम्बन्धित व्यक्तिले आयोजक समिति वा निर्वाचन समितिलाई कम्तिमा अधिवेशनको ७२ घण्टा अगावै आफ्नो जिम्मेवारीबारे जानकारी दिई प्रतिनिधि दर्ता गर्नुपर्नेछ । |

**प्रतिनिधि छनौट सम्बन्धी थप स्पष्टताः**

(१) वडाबाट सदस्य संख्याको आधारमा आउने प्रतिनिधिहरु छनौट गर्दा तदर्थ वा अधिवेशन मार्फत गठन भएको वडा समितिले बैठक बसी प्रतिनिधि छनौट गरी माईन्यूट सहित अधिवेशन आयोजक समितिलाई तोकिएको समयसिमाभित्र पठाउनुपर्नेछ । वडा समिति नभएको वडामा पालिका समितिले तोकेको पार्टी सदस्यको उपस्थितिमा सम्बन्धित वडामा सदस्यहरुबीच छलफल गरी छनौट गरी पालिका अधिवेशन प्रतिनिधि छनौट गरी पठाउनुपर्नेछ । अन्यथा वडाबाट सदस्य संख्याको आधारमा हुने प्रतिनिधि समावेश हुने छैन ।

(२) पालिका समितिलाई आयोजक समितिमा परिणत गरी अधिवेशन गर्ने सूचना जारी भए पश्चात् वडा अधिवेशन भएमा वडा अधिवेशनबाट निर्वाचित वडा समितिको पदाधिकारी तथा सदस्यहरु पालिका अधिवेशनको पर्यवेक्षक मात्र हुन सक्नेछ । यस्तो अवस्थामा तदर्थ वडा समितिको पदाधिकारी (सभापति, उपसभापति र सचिव) नै पालिका अधिवेशनको प्रतिनिधि हुनेछ ।

(३) पालिका समितिलाई पालिका अधिवेशन आयोजक समितिमा परिणत गरी अधिवेशन गर्ने सूचना जारी भए पश्चात् पालिका समिति रिक्त पदपूर्ति कार्यविधि अन्तर्गत पदपूर्ति गरी प्रतिनिधि बनाउन पाइने छैन ।

**द्रष्टब्यः** विधानको धारा ३५, धारा ४१ र धारा ४२ को प्रतिनिधि सम्बन्धी व्यवस्था (तोकिए बाहेकका थप सदस्यहरु मनोनित गर्न सकिने), वडा तहको अधिवेशन सम्पन्न हुन नसकेको अवस्था लगायत पहिलो पालिका अधिवेशनलाई सहभागीतामुलक र व्यवस्थित गर्न विधानको आसय साथै पार्टीको मर्मलाई समेत समृद्ध बनाउन पालिका अधिवेशनको प्रतिनिधि व्यवस्था र छनौट गर्ने विधि तय गरिएको छ ।

**८. अधिवेशनबाट निर्वाचित हुने**

**(१) पालिका समिति :**

पालिका सभापति १ जना, उपसभापति १ जना, सचिव १ जना, सहसचिव १ जना र गाउँपालिका समितिमा ५ जना सदस्यहरु, नगरपालिका समितिमा ९ जना सदस्यहरु र उपमहानगरपालिका समितिमा १५ जना

सदस्यहरु र महानगरपालिका समितिमा १९ जना सदस्यहरु निर्वाचित हुनेछन् । निर्वाचित पालिका सदस्यहरुमध्येबाट सभापतिले पालिका कोषाध्यक्ष मनोनित गर्नेछ । सभापतिले पालिकाको सदस्यहरुबाट २ जनासम्म पालिका समिति सदस्य मनोनित गर्न सक्नेछ। पालिका समिति जनसंख्याको बनोट अनुसार समावेशी हुनुपर्नेछ ।

पालिका भित्रका सबै वडा सभापति पदेन सदस्य हुनेछन् साथै पालिकामा निर्वाचित जनप्रतिनिधि प्रमुख र उपप्रमुख स्थायी आमन्त्रित हुनेछन् । पालिका समिति देहाय अनुसार हुनेछ :

| समिति संख्या | निर्वाचित संख्या | मनोनित संख्या | न्यूनतम आरक्षण | कैफियत |
|---|---|---|---|---|
| गाउँपालिका समितिः ११ जना | ९ जना | २ जना | महिला ३ जना दलित १ जना | न्यूनतम आरक्षण गर्नुपर्ने संख्यामा अधिवेशनमा निर्वाचित गर्न नसकेको अवस्था र मनोनित कोटाले समेत थाम्ने नभएमा न्यूनतम आरक्षणका लागि बाँकी रहेको संख्यामा सदस्य पद रिक्त राख्नु पर्नेछ । |
| नगरपालिका समितिः १५ जना | १३ जना | २ जना | महिला ५ जना दलित १ जना | |
| उपमहानगरपालिका समितिः २१ जना | १९ जना | २ जना | महिला ७ जना दलित १ जना | |
| महानगरपालिका समितिः २५ जना | २३ जना | २ जना | महिला ८ जना दलित १ जना | |

पालिका समितिमा कम्तिमा ३३ प्रतिशत महिला र कम्तिमा १ जना दलित प्रतिनिधित्व सुनिश्चत हुनु पर्नेछ । समितिमा युवालाई प्राथमिकतामा राखिनेछ ।

**(२) पालिका अधिवेशनबाट जिल्ला/प्रदेश अधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधिः**
पार्टीको विधानले जिल्ला/प्रदेश अधिवेशन र राष्ट्रिय महाधिवेशनमा पालिकाबाट तपशिल अनुसार प्रतिनिधि हुने व्यवस्था गरेको छ । यसरी हुने प्रतिनिधित्व पालिका अधिवेशनमा निम्नानुसार छनौट हुनेः

**तपशिलः**

**(क) जिल्ला अधिवेशन प्रतिनिधि**

१) जिल्लाभित्रका सम्बन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको २०० जनासम्म सदस्य भएको पालिकाबाट पालिका अधिवेशनले कम्तिमा १ महिला हुने गरी समावेशीताको आधारमा छनौट गरी पठाएको ३ जना प्रतिनिधि ।

२) जिल्लाभित्रका सम्बन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको २०० जना भन्दा बढी सदस्य भएको पालिकाबाट पालिका अधिवेशनले छनौट गरी पठाएका थप १ जना प्रतिनिधि।

**ख) प्रदेश अधिवेशन प्रतिनिधि**

१५१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकाबाट १ जना, ३०१ भन्दा बढी पार्टी सदस्य भएको नगरपालिकाबाट २ जना, ४०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगरपालिकाबाट ३ जना र ५०१ भन्दा बढी पार्टी सदस्य भएको महानगरपालिकाबाट ४ जना ।

**ग) महाधिवेशन प्रतिनिधि**

२०१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकाबाट १ जना, ४०१ भन्दा बढी पार्टी सदस्य भएको नगरपालिकाबाट २ जना, ५०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगरपालिकाबाट ३ जना र ७०१ भन्दा बढी पार्टी सदस्य भएको महानगरपालिकाबाट ४ जना

**विशेष नोटः** एकै व्यक्ति फरक तहको अधिवेशन वा महाधिवेशन प्रतिनिधि हुन सक्ने छैन । पालिका अधिवेशनबाट छनौट भएका प्रतिनिधि रिक्त पदपूर्ति प्रक्रियाबाट वा मनोनित भई अधिवेशन/महाधिवेशन अगावै अन्य कुनै पनि तहगत समितिमा नियुक्ति हुन सक्ने छैन । तर समिति बाहेकका विभाग वा अन्य संयन्त्रमा नियुक्ति हुन सक्नेछ । यसरी नियुक्ति भएको विभाग वा अन्य संयन्त्रको पदको आधारमा हुने अन्य तहको अधिवेशन/महाधिवेशन प्रतिनिधित्व स्वतः निलम्बन हुनेछ ।

**प्रष्टिकरणः** निर्वाचित अधिवेशन/महाधिवेशन प्रतिनिधिले आफ्नो प्रतिनिधित्व त्याग गरेको खण्डमा उल्लेखित व्यवस्थाहरु लागू हुने छैन ।

**९. अधिवेशनको प्रचार-प्रसारः**

आयोजक समितिले पालिका अधिवेशन हुने बारेमा सबै सदस्यहरुलाई मिति, स्थान र समय सहित अधिवेशनको खुल्ला सत्रमा उपस्थित हुन पार्टी सदस्यहरु, शुभचिन्तक, भद्रभलादमी सबैलाई सूचना पुग्ने गरी खुल्ला रुपमा निमन्त्रणा गर्नुपर्नेछ । खुल्ला सत्रमा उपस्थितिको लागि सामाजिक सञ्जाल ध्वनी प्रदुषण नहुने गरी माइकिङ समेत गरी प्रचार-प्रसार गर्न सकिनेछ । पालिका अधिवेशनका सूचना पालिका अधिवेशन आयोजक समितिले आफ्नो सामाजिक संजालमा राख्ने, सम्बन्धित व्यक्तिहरुलाई राख्न लगाउने गर्नुपर्नेछ। जनरुचिका अन्य उपयुक्त प्रचार-प्रसारका कामहरु गर्न सकिनेछ ।

**१०. अधिवेशन आयोजनाः**

पालिका अधिवेशन दुई चरणमा आयोजना हुनेछ । अधिवेशनको पहिलो चरण खुल्ला सत्र हुनेछ भने दोस्रो चरण बन्द सत्र हुनेछ ।

**(१) पालिका अधिवेशनको खुल्ला सत्र**

अधिवेशनको पहिलो चरण खुल्ला सत्र व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी आयोजक समितिको हुनेछ ।
खुल्ला सत्रमा गर्नुपर्ने कार्यहरु देहाय बमोजिमका छन् :

(क) तोकिएको स्थान अधिवेशन गर्न आवश्यक तयारी गर्ने ।

(ख) अधिवेशनको सूचना सहित फेसबुक र अन्य उपयुक्त माध्यमबाट कम्तिमा ७ दिन अगावैदेखि सार्वजनिक सूचना जारी गर्ने । सो सूचनाको लिंक वडा समितिलाई पठाउने र शेयर गर्न अनुरोध गर्ने । अधिवेशनको सूचना सामाजिक सद्भाव कायम राखी ध्वनी प्रदुषण कम हुने गरी माइकिङ समेत गर्न सकिने ।

(ग) अधिवेशनको लागि तोकिएका प्रतिनिधिहरुलाई अनिवार्य सूचना गर्ने, निर्वाचन समितिसंगको सहकार्यमा प्रतिनिधिको नामावली दर्ता गर्ने, प्रतिनिधिको नामावली विवादरहित तवरले फाइनल गर्ने र निर्वाचन समितिलाई दिने ।

(घ) अधिवेशन गर्दा आवश्यक श्रोतसाधनको व्यवस्था स्थानीय रुपमा गर्ने । साथै अधिवेशन सफल पार्न कार्यक्रम स्थल व्यवस्थापन उपसमिति, प्रचार-प्रसार उपसमिति, अधिवेशन प्रतिबेदन उपसमिति, प्रतिनिधि व्यवस्थापन एवम् दर्ता उपसमिति लगायत आवश्यक उपसमितिहरु गठन गर्ने ।

(ङ) अधिवेशनको उपस्थिति लिने, फोटो खिच्ने, उद्घाटनको लागि बजाउने घण्टी, सानो मापदण्ड अनुसारको ब्यानर, राष्ट्रिय झण्डा र पार्टीको झण्डा, स्थानीयमा उपलब्ध पिउने पानी, शौचालयको प्रबन्ध गर्नुपर्नेछ ।

(च) अधिवेशनमा उपल्लो तहका नेताहरुको साथै पालिकाको अन्य गन्यमान्यहरुको खुल्ला सत्रमा उपस्थितिका लागि निमन्त्रणा गर्ने र उपस्थिति हुने नहुने यकिन गरी कार्यक्रमको तालिका तयारी गर्ने।

(छ) पहिलो सत्र उद्घाटन सत्र हुने भएकोले उपस्थित पार्टीका नेताहरुको उपस्थिति जानकारी गराई उपस्थित नेताहरु मध्येबाट घण्टी बजाएर कार्यक्रम सुरु गर्ने र लगत्तै राष्ट्रगान गाउने र बाँकी कार्यक्रम संचालन गर्ने ।

(ज) उपस्थित सिमित नेताहरु तथा सामाजिक व्यक्तिहरुलाई संक्षिप्तमा शुभकामना मन्तब्य दिन लगाउने। साथै भद्धा मञ्च नबनाउने, खादा, माला, टिका नलगाउने । सकेसम्म कार्यक्रम साधारण एवं संक्षिप्त गर्ने ।

(झ) पहिलो सत्र सकिएको घोषणा गरेसँगै दोस्रो सत्र सञ्चालनको जिम्मेवारी निर्वाचन समितिलाई हस्तान्तरण गर्ने ।

**(२) दोस्रो चरण**

अधिवेशनको दोस्रो चरण बन्द सत्र हुनेछ । अधिवेशनको बन्द सत्र निर्वाचन समितिले सञ्चालन गर्नेछ। बन्दसत्रको सहभागी तोकिएको प्रतिनिधि र पर्यवेक्षकहरु मात्रै हुनेछन् । बन्दसत्रमा गरिने कार्यहरु देहाय बमोजिमको हुनेछः

**(क) प्रतिनिधि व्यवस्थापन**

निर्वाचन समितिले दफा ७ बमोजिम प्रतिनिधिहरुको नामावली अधिवेशन आयोजक समितिसँगको समन्वयमा संकलन गरी अधिवेशनको तालिका अनुसार प्रारम्भिक नामावली प्रकाशन, दाबी विरोध र अन्तिम नामावली प्रकाशन गरे बमोजिमको प्रतिनिधिहरु मात्रै हलमा उपस्थितिको लागि एकिन गरी समितिको हस्ताक्षर सहितको प्रतिनिधि नामावली तयार गर्नेछ । बन्दसत्रको पर्यवेक्षकको समेत एकिन गरी प्रतिनिधि र पर्यवेक्षक बस्ने स्थान व्यवस्थित गर्नेछ ।

**(ख) उम्मेदावारी दर्ता एवम् नामावली प्रकाशन**

**१) पालिका समितिको उम्मेदवारी**

पालिका समितिमा निर्वाचित हुनका लागि ईच्छुक प्रतिनिधिहरुले आफू निर्वाचित हुन चाहेको पदमा निर्वाचन समितिले तोके बमोजिम उम्मेदवारी फारम सहित उम्मेदवारी शुल्क बुझाउनु पर्नेछ । पालिका सभापतिको उम्मेदवारी शुल्क रु. ५००/- उपसभापति, सचिव, सहसचिव र कोषाध्यक्षको रु ३००/- र सदस्यको रु.२००/- उम्मेदवारी शुल्क हुनेछ ।

**२) जिल्ला, प्रदेश अधिवेशन र महाधिवेशन प्रतिनिधिको उम्मेदवारी**

पालिका अधिवेशनबाट जिल्ला अधिवेशन, प्रदेश अधिवेशन र राष्ट्रिय महाधिवेशनमा छनौट हुने प्रतिनिधिहरुले आफू प्रतिनिधि हुन चाहेको अधिवेशन प्रतिनिधित्वको लागि तोकिएको उम्मेदवारी फारमको साथमा उम्मेदवारी शुल्क पालिका अधिवेशन निर्वाचन समिति समक्ष आबेदन दिनु पर्नेछ। जिल्ला अधिवेशन प्रतिनिधिको लागि रु.२००/- प्रदेश अधिवेशन प्रतिनिधिको लागि रु.३००/- र महाधिवेशनको लागि रु ५००/- शुल्क हुनेछ ।

३) प्रारम्भिक उम्मेदवारीको नामावली सबै प्रतिनिधिको पहुँचमा पुग्ने स्थनमा टाँस गर्ने तथा अन्य माध्येमबाट सबै प्रतिनिधिहरुमा पुग्ने गरी सार्वजनिक गर्नेछ । निर्वाचन समितिले निर्वाचन तालिका अनुसार उम्मेदवारको प्रारम्भिक नामावलीमा दाबी विरोधको लागि निश्चित समय तोकि सूचना गर्नु पर्नेछ । दाबी विरोधमा प्राप्त उजुरी उपर छानविन किनारा लगाई उम्मेदवारको अन्तिम नामावली तालिका अनुसार प्रकाशन गर्नेछ ।

**११. अद्यावधिक गर्नेः**

अधिवेशनबाट निर्वाचित पालिका समितिको विवरण निर्वाचन समितिले जिल्ला संगठन विभाग मार्फत तुरुन्तै प्रदेश संगठन विभागलाई माईन्यूटको प्रतिलिपि सहित बुझाउनुपर्नेछ । प्रदेश संगठन विभागले पालिका अधिवेशन भएको ७ दिनभित्र पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक गराउनुपर्नेछ । पोर्टलमा अद्यावधिक भए नभएको समेत जानकारी राखी प्रदेश संगठन विभागलाई अनुगमन गर्ने कार्य प्रदेश महामन्त्रीको हुनेछ ।

**१२. विविध**

क) निर्वाचन सम्बन्धी अन्य व्यवस्था तथा कार्यक्रम निर्वाचन आयोगको कार्यविधि अनुसार हुनेछ ।

ख) कुनै पनि कुरा चित्त नबुझेमा तत्य र प्रमाणका आधारमा पुनरावेदन गर्न पाइनेछ ।

**१३. खारेजी र बचाउः**

यस कार्यविधिमा माथि जेसुकै लेखिएको भएता पनि यस पार्टीको विधान एवंम् नेपालको प्रचलित नियम कानूनसँग बाझिने निर्णयहरु भने स्वतः खारेज हुनेछन् ।

**पारित मिति : २०८२ वैशाख ४ गते**
**पारित गर्ने निकाय : पार्टी सचिवालय**
**प्रमाणिकरण मिति : २०८२ वैशाख ४ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी
२०७९
संगठन विभाग

**प्रमाणिकरण गर्ने पदाधिकारी : डोल प्रसाद अर्याल**
**कार्यवाहक सभापति**

**कविन्द्र बुर्लाकोटी**
**कार्यवाहक महामन्त्री**

**अनुसूची-१ पालिका अधिवेशन गर्न अनुमतिको लागि आवेदन :**

**श्री जिल्ला संगठन विभाग,**
**मार्फत**
**प्रदेश संगठन विभाग ।**

**विषयः पालिका अधिवेशन गर्ने बारे ।**

उपरोक्त सम्बन्धमा ............................ जिल्ला ......................... पालिकाको मिति .........................मा पालिका भेला मार्फत तदर्थ पालिका समिति गठन भई यस पालिकाको जम्मा ........... वडा मध्य हालसम्म यस पालिकाको ..............वटा वडाहरु अधिवेशन भइसकेको साथै सदस्यता विस्तार अभियान समेत संचालन गरी तोकिएको सबै प्रक्रिया पूरा भएकोले पालिका अधिवेशन गर्न अनुमतिका लागि पालिका समितिको मिति ............................ को निर्णयानुसार अनुरोध गर्दछौं ।

अधिवेशन हुन नसकेका वडाहरुको विवरणः
वडा ....... अधिवेशन हुन नसकेको कारणः
वडा ....... अधिवेशन हुन नसकेको कारणः

**पालिकामा रहेको सदस्य संख्याः**
**तदर्थ पालिका समितिको विवरणः**
सभापतिः
उपसभापतिः
सचिवः
सहसचिवः
कोषाध्यक्षः
सदस्यहरुः

अधिवेशन गर्ने प्रस्तावित मितिः प्रस्तावित समयः
प्रस्तावित स्थानः

**निवेदक :**
नाम : सम्पर्क नं.............................. हस्ताक्षरः मितिः
पदः सभापति

**जिल्लाको तर्फबाट प्रदेशमा सिफारिस गर्ने संगठन विभाग प्रतिनिधिः**
नाम : पद : सम्पर्क नं.............................. हस्ताक्षरः मितिः

**तोकिएको देहायको मापदण्ड पूरा भएको देखिएकोले अधिवेशन गर्न अनुमतिको लागि सिफारिस गरिएको छ ।**

क) पालिका भेला मार्फत तदर्थ पालिका समिति गठन भई पार्टीको पोर्टलमा अद्यावधिक भएको छ ।
ख) पालिका मातहतका वडा मध्ये १००% ☐ ७०% ☐ ५०% ☐ ३०% ☐ प्रतिशत वडाहरुको अधिवेशन र अद्यावधिक भएको छ ।
ग) पालिका भित्र संगठन निर्माण तथा सदस्यता विस्तार अभियान संचालन गरेको छ ।
घ) अधिवेशन हुन नसकेका वडाहरुको बारेमा जाँचबुज गर्दा पालिका समितिले दिएको कारण मुनासिव रहेको छ ।

**वडा अधिवेशन भई अध्यावधिक भएको वडाहरु.:**

**प्रदेशको तर्फबाट केन्द्रमा सिफारिस गर्ने संगठन विभाग प्रतिनिधिः**
नाम : पद : सम्पर्क नं.............................. हस्ताक्षरः मितिः

**तोकिएको मापदण्ड पूरा भएको देखिएकोले अधिवेशन गर्न अनुमति प्रदन गरिएको छ ।**

**केन्द्रको तर्फबाट अनुमति प्रदन गर्ने संगठन विभाग प्रतिनिधिः** नाम : पद :
सम्पर्क नं.............................. हस्ताक्षरः मितिः

# राष्ट्रिय स्वतन्त्र पार्टी

# को

## पालिका अधिवेशन निर्वाचन कार्यविधि २०८१

(पहिलो संशोधन २०८२/०१/०४ सहित)

केन्द्रीय निर्वाचन आयोग

केन्द्रीय कार्यालय

बनस्थली, काठमाडौं नेपाल ।

# श्री राष्ट्रिय स्वतन्त्र पार्टीको

## पालिका अधिवेशन निर्वाचन कार्यविधि २०८१

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान तथा स्थापित विधि बमोजिम पालिका अधिवेशन विधि र पद्धतिमा रहि लोकतान्त्रीक प्रणली अन्तरगत धाँधलिरहित र आपसि सहमतिको वातावरणमा सम्पन्न गर्न गराउन यो पालिका अधिवेशन निर्वाचन कार्यविधि २०८१ जारी गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "**पालिका अधिवेशन निर्वाचन कार्यविधि २०८१**" रहने छ ।

ख) यो कार्यविधि केन्द्रीय निर्वाचन आयोगलेले जारी गरेको मिति देखि लागु हुनेछ ।

ग) यो कार्यविधि पार्टीको पहिलो पालिका अधिवेशनको हकमा मात्र लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "विधान" भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको विधानलाई जनाउने छ ।

ख) "तदर्थ पालिका समिति" भन्नाले अधिवेशन अगाडि भेला मार्फत निर्वाचित भएको पालिका समितिलाई जनाउने छ ।

ग) "पालिका समिति" भन्नाले यस कार्यविधि अनुसार अधिवेशनबाट निर्वाचित भएको पालिका समितिलाई जनाउने छ ।

घ) "सभापति, उपसभापति, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य" भन्नाले पालिका समितिको सभापति, उपसभापति, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यलाई जनाउने छ ।

ङ) "निर्वाचन" भन्नाले अधिवेशन मार्फत समिति निमार्ण गर्न हुने निर्वाचनलाई जनाउने छ ।

च) "निर्वाचन समिति" भन्नाले केन्द्रीय निर्वाचन आयागले पालिका निर्वाचन प्रयोजनको लागि गठित समितिलाई जनाउने छ ।

छ) "संयोजक र सदस्य" भन्नाले गठन भएका तहगत निर्वाचन समितिको प्रमुख र सदस्यलाई जनाउने छ ।

ज) "उम्मेदवार" भन्नाले पालिका समितिको तोकिए बमोजिमका पदाधिकारी तथा सदस्यहरुको पदमा विधानको अधिनमा रही उम्मेदवार मनोनयन पत्र दर्ता गरेका व्यक्तिलाई जनाउने छ ।

झ) "मतदाता" भन्नाले पालिका अधिवेशनको प्रतिनिधिहरुलाई जनाउने छ ।

ञ) ''मतदान'' भन्नाले आफुले चाहेको उम्मेदवारलाई लोकतान्त्रिक पद्धतिबाट मत दिने विधिलाई जनाउनेछ ।

### ३. पालिका अधिवेशन निर्वाचन समिति गठनः

प्रदेश निर्वाचन आयोग गठन नभएसम्म केन्द्रीय निर्वाचन आयोयले पालिका अधिवेशन निर्वाचन आयुक्त तोक्नेछ । केन्द्रीय निर्वाचन आयोगले तोकेको निर्वाचन आयुक्तले निष्पक्ष रुपमा निर्वाचन गराउने विश्वासका साथ राजनैतिक रुपमा सक्षम, योग्य, र व्यक्तिगत रुपमा स्वार्थ नबाझिने व्यक्तिहरु समेटेर एक जनाको संयोजकत्वमा ३ जनाको पालिका अधिवेशन निर्वाचन समिति गठन गर्नेछ । संयोजकले अन्य समिति सदस्यहरुको काम बाँडफाँड गर्नेछ । निर्वाचन समितिले निर्वाचनको कार्यतालिका पालिका अधिवेशन आयोजक समितिसंगको समन्वयमा तयार गर्न सक्नेछ ।

## ४. निर्वाचन सम्बन्धी कार्यक्रम

यस नियमावली बमोजिम निर्वाचन हुने समितिको निर्वाचन कार्य तालिका यस प्रकार रहने छ ।

(क) मतदाताको प्रारम्भिक नामावली प्रकाशन ।
(ख) मतदाता नामावली माथि दाबी विरोध ।
(ग) मतदाताको अन्तिम नामावली प्रकाशन ।
(घ) उम्मेदवारको मनोनयन दर्ता । (अनुसूची-१ बमोजिम)
(ङ) उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन ।
(च) उम्मेदवारमाथि दाबी विरोध । (अनुसूची-२ बमोजिम)
(छ) उम्मेदवारी फिर्ता । (अनुसूची-३ बमोजिम)
(ज) उम्मेदवारको अन्तिम नामावली प्रकाशन ।
(झ) मतदान ।
(ञ) मतगणना र मतपरिणामको घोषणा ।
(ट) शपथ ग्रहण । (अनुसूची-४ बमोजिम)

## ५. पालिका अधिवेशनबाट निर्वाचित हुने

**क) पालिका समिति :**

पालिका सभापति १ जना, उपसभापति १ जना, सचिव १ जना, सहसचिव १ जना र गाउँपालिका समितिमा ५ जना सदस्यहरु, नगरपालिका समितिमा ९ जना सदस्यहरु र उपमहानगरपालिका समितिमा १५ जना सदस्यहरु र महानगरपालिका समितिमा १९ जना सदस्यहरु निर्वाचित हुनेछन् । निर्वाचित पालिका सदस्यहरुमध्येबाट सभापतिले पालिका कोषाध्यक्ष मनोनित गर्नेछ । सभापतिले पालिकाको सदस्यहरुबाट २ जना सम्म पालिका समिति सदस्य मनोनित गर्न सक्नेछ । पालिका समिति जनसंख्याको बनोट अनुसार समावेशि हुनु पर्नेछ ।

पालिका भित्रका सबै वडा सभापति पदेन सदस्य हुनेछन् साथै पालिकामा निर्वाचित जनप्रतिनिधि प्रमुख र उपप्रमुख स्थायी आमन्त्रित हुनेछन् ।

पालिका समिति देहाय अनुसार हुनेछ :

| समिति संख्या | निर्वाचित संख्या | मनोनित संख्या | न्यूनतम आरक्षण | कैफियत |
|---|---|---|---|---|
| गाउँपालिका समितिः ११ जना | ९ जना | २ जना | महिला ३ जना<br>दलित १ जना | न्यूनतम आरक्षण गर्नु पर्ने संख्यामा अधिवेशनमा निर्वाचित गर्न नसकेको अवस्था र मनोनीत कोटाले समेत अपुग भएमा न्यूनतम आरक्षणका लागि बाँकी रहेको संख्यामा सदस्य पद रिक्त राख्नु पर्नेछ । |
| नगरपालिका समितिः १५ जना | १३ जना | २ जना | महिला ५ जना<br>दलित १ जना | |
| उपमहानगरपालिका समितिः २१ जना | १९ जना | २ जना | महिला ७ जना<br>दलित १ जना | |
| महानगरपालिका समितिः २५ जना | २३ जना | २ जना | महिला ८ जना<br>दलित १ जना | |

पालिका समितिमा कम्तीमा ३३ प्रतिशत महिला र कम्तिमा १ जना दलित प्रतिनिधित्व सुनिश्चत हुनु पर्नेछ । समितिमा युवालाई प्राथमिकतामा राखिने छ ।

**ख) पालिका अधिवेशनबाट जिल्ला/प्रदेश अधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधिः**

पार्टीको विधानले जिल्ला/प्रदेश अधिवेशन र राष्ट्रिय महाधिवेशनमा पालिकाबाट तपशिल अनुसार प्रतिनिधि हुने व्यवस्था गरेको छ । यसरी हुने प्रतिनिधित्व पालिका अधिवेशनमा निम्नानुसार छनौट हुनेः

**तपशिलः**

**१) जिल्ला अधिवेशन प्रतिनिधि**

१) जिल्ला भित्रका सम्बन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको २०० जनासम्म सदस्य भएको पालिकाबाट पालिका अधिवेशनले कम्तीमा १ महिला हुनेगरी समावेशिताको आधारमा छनौट गरी पठाएको ३ जना प्रतिनिधि ।

२) जिल्ला भित्रका सम्बन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको २०० जना भन्दा बढी सदस्य भएको पालिकाबाट पालिका अधिवेशनले छनौट गरी पठाएका थप १ जना प्रतिनिधि,

**ख) प्रदेश अधिवेशन प्रतिनिधि**

१५१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकाबाट १ जना, ३०१ भन्दा बढी पार्टी सदस्य भएको नगरपालिकाबाट २ जना, ४०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगरपालिकाबाट ३ जना र ५०१ भन्दा बढी पार्टी सदस्य भएको महानगरपालिकाबाट ४ जना ।

**ग) महाधिवेशन प्रतिनिधि**

२०१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकाबाट १ जना, ४०१ भन्दा बढी पार्टी सदस्य भएको नगरपालिकाबाट २ जना, ५०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगरपालिकाबाट ३ जना र ७०१ भन्दा बढी पार्टी सदस्य भएको महानगरपालिकाबाट ४ जना

**विशेष नोटः** एकै ब्यक्ति फरक तहको अधिवेशन वा महाधिवेशन प्रतिनिधि हुन सक्नेछैन् । पालिका अधिवेशनबाट छनौट भएका प्रतिनिधि रिक्त पदपूर्ति प्रकृयाबाट वा मनोनित भई अधिवेशन/महाधिवेशन अगावै अन्य कुनै पनि तहगत समितिमा नियुक्ति हुन सक्नेछैन । तर समिति बाहेकका विभाग वा अन्य संयन्त्रमा नियुक्ति हुन सक्नेछ । यसरी नियुक्ति भएको विभाग वा अन्य संयन्त्रको पदको आधारमा हुने अन्य तहको अधिवेशन/महाधिवेशन प्रतिनिधित्व स्वतः निलम्वन हुनेछ ।

**प्रष्टिकरणः** निर्वाचित अधिवेशनरमहाधिवेशन प्रतिनिधिले आफ्नो प्रतिनिधित्व त्याग गरेको खण्डमा उल्लेखित ब्यवस्थाहरु लागु हुने छैन ।

**६. पालिका अधिवेशन निर्वाचन सम्बन्धी कार्यविधी**

क) निर्वाचन समितिले अधिवेशन निर्वाचनको मिति, समय, स्थान एवं दफा ४ अनुसारको निर्वाचन तालिका बनाई सम्वन्धित सबैको पहुँचमा हुने, सबैले देख्न सक्ने स्थानमा सार्वजनिक गर्नु पर्नेछ । निर्वाचन समितिले अधिवेशन आयोजक समितिसंग समन्वय गरी निर्वाचन तालिका बनाउनु पर्नेछ । अनुशासित भई सभ्य, शिष्ट भाषामा सामाजिक संजालमा समेत प्रकाशन गर्न सकिने छ ।

ख) पालिका अधिवेशनको मतदाता पालिका अधिवेशन कार्यविधि २०८१ले तोके बमोजिम हुनेछ । तोकिएका मताधिकार प्राप्त सवैको प्रारम्भिक नामावली अधिवेशन आयोजक समितिबाट संकलन गरी निर्वाचन समितिले तोकिएको समय र मितिमा प्रकाशन गर्नेछ । निर्वाचन समितिले उक्त नामावलीमा दावि विरोधको समय दिई दावि विरोधको आवश्यक जाँचबुझ गरी अन्तिम नामावली सार्वजनीक गर्नेछ ।

ग) विधानले तेके बमोजिमको पालिका समितिको साथै जिल्ला/प्रदेश अधिवेशन र महाधिवेशन प्रतिनिधिको पदको निम्ती प्रतिनिधिहरुको अन्तिम नामावलीमा नाम भएका प्रतिनिधिहरुलाई उम्मेदवारी दर्ताको सूचना जारी गरिनेछ । तोकिएको स्थानमा तोकिएका उम्मेदवारी शुल्क सहित उम्मेदवारी फारम संकलन गरिनेछ । तोकिएको समयमा संकलित उम्मेदवारी फारमको आधारमा प्रारम्भिक उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । उक्त

नामावलीमा दावि विरोधको समय दिने र दावि विरोधको आवश्यक जाँचबुझ गरी उम्मेदवारको अन्तिम नामावली सार्वजानीक गर्नेछ । तोकिएको समय भित्र प्राप्त भएको दावी बिरोधमा सम्बन्धीत प्रमाणहरुको आधारमा निर्वाचन समितिले उम्मेदवारी खारेजी समेत गर्न सक्नेछ ।

घ) निर्वाचन समितिले निर्वाचनको लागि आवश्यक मतपेटिका, मतपत्र लगाएतका सामाग्रीहरुको तयारी गर्नेछ । निर्वाचन सामाग्री साथै आवश्यक सुरक्षित स्थानको प्रवन्ध गरी एक वा एक बढी मतदान केन्द्रको व्यवस्था गरी मतदान गराउन सक्नेछ । मतदान स्थलमा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि रहनसक्ने ब्यवस्था समेत गर्न सकिनेछ ।

ङ) उम्मेदवारहरु वा उम्मेदवारहरुको प्रतिनिधिहरुको रोहवरमा सुरक्षित तरिकाले मतगणना गरिनेछ । मतगणनाको परिणमको आधारमा निर्वाचित समिति घोषणा गरिनेछ ।

च) निर्वाचन समितिले आवश्यक परेमा निर्वाचन समिति सदस्यहरु एवं कर्मचारी नियुक्त गर्न र आफ्ना अधिकारहरुको प्रत्यायोजना गर्न सक्नेछ । मतपत्र निर्वाचन भएको ३५ दिनसम्म सिलवन्धि गरी सुरक्षित राख्नु पर्नेछ ।

छ). पार्टीको विधि विधान र आचार संहिता माथी विश्वास नराख्ने सदस्यलाई निर्वाचन कार्यक्रममा समाबेस गराईने छैन ।

## ७. उम्मेदवारी दर्ता

क) निर्वाचनमा उम्मेद्वार हुन चाहने व्यक्तिले १ पद र १ व्यक्तिको सिद्धान्तलाई पालना गर्दै दफा ५ अनुसारका कुन पदमा उम्मेदवार हुन चाहेको हो सो पद खुलाई मतदाताहरु मध्येबाट एक जना प्रस्तावकको दस्तखत गराई तोकिएको स्थानमा आफैं उपस्थित भई तोकिएको ढाँचामा निर्धारित समय भित्र निर्वाचन समितिका सदस्य समक्ष पेश गरी दर्ता गराउनु पर्नेछ वा निर्वाचन समितिले अनलाईन विधि तोकेको अवस्थामा सोही अनुसार अनलाईन उम्मेदवारी दिन सक्नेछ ।

ख) निर्वाचन समितिका सदस्यहरुले मनोनयन फारम रित नपुगेको भए सच्याउन परिस्थीती हेरी मैका प्रदान गर्न सकिनेछ । रित पुगेपछि दर्ता उम्मेदवारलाई दर्ता नं. उपलब्ध गराइने छ ।

ग) कुनै १ पदको उम्मेद्वारको प्रस्तावक भइसकेका मतदाता अर्को सोही पदको उम्मेद्वारको प्रस्तावक बस्न पाइने छैन ।

घ) उमेदवारी फिर्ता लिन उम्मेद्वार स्वयं आफैं उपस्थित भई निवेदन पेश गर्नु पर्नेछ । उमेदवारी फिर्ता मतदान प्रकृया सुरुहुनु अगाडिसम्म गर्न सकिने छ । फिर्ता लिंदाको हकमा उम्मेद्वारी दर्ता शुल्क फिर्ता हुनेछैन् ।

ङ) निर्वाचन समितिले कार्यतालिका अनुसार उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गर्ने, दावि विरोधको समय दिने, कुनै उमेदवार माथी दावी विरोध भएमा सो दावी विरोधको बारेमा छानविन गरी यस नियमावलीमा उल्लेख भए बमोजिम उम्मेदवारको उम्मेदवारी कायम हुने वा नहुने निक्यौल गरी अन्तिम उम्मेदवारको नामावली प्रकाशन गरी सम्वन्धितलाई समेत जानकारी गराउनु पर्नेछ ।

## ८. उम्मेद्वारको योग्यता र मनोनयन शुल्क

### क) उम्मेदवार हुने योग्यताः

क) अधिवेशनको अन्तिम प्रतिनिधिहरुको नामावलीमा नाम सूचीकृत रहेको । (पार्टीको केन्द्रीय पोर्टलमा मतदाता परिचयपत्र सहित दर्ता (नविकरण कायम) रहेको र केन्द्रीय पोर्टलबाट सदस्यता नं. प्राप्त गरेको अनिवार्य हुनुपर्ने ।)

ख) सम्बन्धित भूगोलमा स्थायी बसोबास भई हाल अन्यत्र बसोबास नभएको, मतदाता नामावलीमा नाम भई मतदाता परिचयपत्र भएको र सो व्यहोरा आफ्नो सदस्यता विवरणमा अपलोड गरी परिचयपत्रमा क्यूआर कोड भएको ।

ग) विगत ६ महिनादेखि पार्टी हित विपरित कुनै गतिविधि नगरेको ।

घ) पार्टी हित विपरित काम गरेको आरोप लागि सजाय भुक्तान गरेको भए सो को प्रमाण भएको ।

च) पार्टीको अनुशासन आयोग वा संगठन विभागमा उजुरी परी छानबिन टुंगोमा पुगेको र सफाई पाएको ।
छ) फौजदारी कसुरमा सजाय नपाएको ।

**ख) पालिका समितिको उम्मेदवारी**

पालिका समितिमा निर्वाचित हुनका लागि ईच्छुक प्रतिनिधिहरुले आफू निर्वाचित हुन चाहेको पदमा निर्वाचन समितिले तोके बमोजिम उम्मेदवारी फारम सहित उम्मेदवारी शुल्क बुझाउनु पर्नेछ । पालिका सभापतिको उम्मेदवारी शुल्क रु. ५००/- उपसभापति, सचिव, सहसचिव र कोषाध्यक्षको रु ३००/- र सदस्यको रु.२००/- उम्मेदवारी शुल्क हुनेछ ।

**ग) जिल्ला, प्रदेश अधिवेशन र महाधिवेशन प्रतिनिधिको उम्मेदवारी**

पालिका अधिवेशनबाट जिल्ला अधिवेशन, प्रदेश अधिवेशन र राष्ट्रिय महाधिवेशनमा छनौट हुने प्रतिनिधिहरुले आफू प्रतिनिधि हुन चाहेको अधिवेशन प्रतिनिधित्वको लागि तोकिएको उम्मेदवारी फारमको साथमा उम्मेदवारी शुल्क पालिका अधिवेशन निर्वाचन समिति समक्ष आबेदन दिनु पर्नेछ। जिल्ला अधिवेशन प्रतिनिधिको लागि रु.२००/- प्रदेश अधिवेशन प्रतिनिधिको लागि रु.३००/- र महाधिवेशनको लागि रु ५००/- शुल्क हुनेछ ।

**घ) उम्मेदवारी दिने सम्वन्धि थप स्पष्टता**

क) वडा अधिवेशनबाट वडामा निर्वाचित भएकाले २ बर्षसम्म पालिका अधिवेशनमा पालिका समिति तथा जिल्ला/प्रदेश अधिवेशन र महाधिवेशन प्रतिनिधिको उम्मेदवारी दिन सक्ने छैन । यदि उम्मेदवारी दिएको पाईएमा निजको उम्मेदवारी स्वतहः खारेजी हुनेछ । विषेश कारण अधिवेशनबाट निर्वाचित वडा समितिको कोही ब्यक्ति पालिका समितिमा तथा जिल्ला/प्रदेश अधिवेशन र महाधिवेशन प्रतिनिधिमा आउनै पर्ने भई उक्त पदमा निर्विरोध हुने अवस्था भई सम्वन्धित वडा समितिले निर्णय गरेको अवस्थामा भने उम्मेदवारी दिन सक्नेछ । यस्तो ब्यक्तिको उम्मेदवारी कैफियतमा जनाउनु पर्नेछ । तर सो पदमा अर्को ब्यक्तिको उम्मेदवारी दर्ता भएमा निजको उम्मेदवारी स्वतः खारेज हुनेछ । साथै वडा अधिवेशनबाट निर्वाचित ब्यक्तिले राजिनामा दिई स्वीकृत भएको ३ महिना भईसकेको अवस्थामा भने निजलाई उम्मेदावारी दिन बाधा पर्ने छैन ।
ख) पार्टीको जुनसुकै समिति वा संयन्त्रको पदाधिकारी र सदस्यमा रहेकाले पालिका अधिवेशनमा पालिका समिति तथा जिल्ला/प्रदेश अधिवेशन तथा महाधिवेशन प्रतिनिधिको उम्मेदवारी दिन सक्नेछ । उम्मेदवारी दिन चाहेमा उक्त पदबाट राजिनामा दिई स्वीकृत भएको हुनु पर्नेहुन्छ । यदि राजिनामा नदिई वा दिएर पनि स्वीकृत नगराई उम्मेदवारी दिएको भए उम्मेदवारी दर्ता भए पश्चात निजको पद स्वतः रिक्त हुनेछ । कारणवस नीज पूनः सोही (पुरानो) पदमा फर्कन चाहेमा संबन्धित समिति/संयन्त्रले लिखित निर्णय गरेको हुनुपर्नेछ ।
ग) एकै ब्यक्तिले पालिका समिति, जिल्ला अधिवेशन प्रतिनिधि, प्रदेश अधिवेशन प्रतिनिधि तथा महाधिवेशन प्रतिनिधि मध्ये एक पद/प्रतिनिधित्वमा मात्र उम्मेदवारी दिन सक्नेछ ।

**९. उम्मेदवारको प्रारम्भिक नामावली**

तोकिएको फारम भरी उम्मेदवारी शुल्क सहित तोकिएको स्थान र समयमा दर्ता गराएका उम्मेदवारहरुको प्रारम्भिक नामावली सवै प्रतिनिधिहरुको पहुँचमा पुग्ने गरी सवैले थाह पाउने गरी प्रकाशन गरिनेछ ।

**१०.उम्मेदवारको नामावलीमा दावी बिरोध**

क) कुनै उम्मेदवारको नाम प्रकाशनमा गल्ती भएमा वा यस कार्यविधिमा उल्लेखित शर्तहरु पुरा गर्नुपर्ने, पुरा नभएमा वा उम्मेदवार हुन अयोग्य व्यक्ति भएमा तोकिएको समय भित्र मतदाता वा उम्मेदवार समेतले सो विवरण खोली विरोध पत्र निर्वाचन समितिमा दर्ता गराउन सक्नेछन् ।

ख) प्राप्त हुन आएका दावी विरोधहरुको प्रमाणहरुको जाँच गरी उम्मेदवारको निवेदन माथि निर्णय गर्नुपर्ने हुन्छ । यस अवस्थामा कुनै प्रकारका समस्या एवं विवाद उत्पन्न भएमा निर्वाचन समितिका बहुमतको निर्णय अन्तिम हुनेछ ।

**११. उम्मेदवारको अन्तिम नामावली**

रित पूर्वक सवै प्रकृया पुरा गरेका उम्मेदवारहरुको अन्तिम नामावली एकिन गरी निर्वाचन समितिले प्रतिनिधिहरु र स्वयम उम्मेदवारले देख्न सक्ने गरी प्रकाशित गर्नेछ ।

### १२. निर्विरोध विजयी भएको

विधान अनुसार तोकिएको पदहरुमा एकल उम्मेदवारी परेको भए हलबाट अनुमोदन गराई निर्विरोध चयन भएको घोषणा गर्न सक्नेछ ।

### १३. मतदाताः

अन्तिम मतदाता नामावलीमा नाम सुचिकृत रहेको । पार्टीको केन्द्रीय पोर्टलमा दर्ता (नविकरण कायम) रहेको र केन्द्रीय पोर्टलबाट सदस्यता नं. प्राप्त गरेको अनिवार्य हुनु पर्ने छ।

### १४. मतदान केन्द्र

निर्वाचन समितिले मतदाता संख्याको आधारमा मतदाता केन्द्र तोक्न सक्ने छ। मतदान केन्द्रको पूर्ण रुपमा सुरक्षा प्रवन्ध मिलाईनेछ। प्रज्वलनशील ठोस वा तरल पदार्थ, मोबाइल, क्यामरा साथमा लिएर जान, कुनै नशालु पदार्थ वा मादक पदार्थ सेवन गर्न, उम्मेदवारको पक्ष वा विपक्षमा नाराबाजी वा हुलहुज्जत गर्न वा अवान्छित कृयाकलाप गरि मतदान केन्द्रमा प्रवेश गर्न बर्जित गरिएकोछ।

### १५. मतदान

मतदाताको परिचयपत्र (पार्टी सदस्यता कार्ड, नागरीकता, लाईसेन्स, मतदाता परिचय पत्र आदि)को आधारमा मतदाता नामावलीमा नाम भएको मतदाताहरुलाई लाईनमा राखेर पालै पालो मतदान गर्न दिईनेछ। मतदाताले गोप्य मतदान गर्नु पर्नेछ । कुनै पनि मतदाताले गोप्य मतादान प्रकृयालाई खलल पुग्ने कुनै काम गरेको अवस्थामा तुरुन्त निर्वाचन समितिले कारवाहि प्रकृया अगाडि बढाउन सक्नेछ। निर्वाचन समितिले तोकेको समय भित्र मतदान गरिसक्नु पर्ने छ। तोकिएको समय भन्दा पछाडि मतदाता आएमा मतदान गर्न पाईनेछैन। मतदान हुने क्रममा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिलाई निश्चीत स्थान तोकि पर्यवेक्षण गर्ने अवसर दिन सकिनेछ । साथै अनुगमनकर्ता र पर्यवेक्षकहरुले पनि निश्चित स्थानमा रहेर अनुगमन तथा पर्यवेक्षण गर्न सकिनेछ ।

### १६.पालिका अधिवेशनबाट निर्वाचित गर्ने विधिः

समिति गठन गर्दा देहायको हुने छ ।

क) पालिका समितिको निम्ती सभापति १ जना, उपसभापति १ जना, सचिव १ जना, सहसचिव १ जना र गाउँपालिका समितिमा ५ जना सदस्यहरु, नगरपालिका समितिमा ९ जना सदस्यहरु र उपमहानगरपालिका समितिमा १५ जना सदस्यहरु र महानगरपालिका समितिमा १९ जना सदस्यहरु साथै जिल्ला/प्रदेश प्रतिनिधि र महाधिवेशन प्रतिनिधिहरु बढि मतको आधारमा निर्वाचित गरिनेछ ।

ख) पालिका समितिमा ३३ प्रतिशत महिला र १ दलित अनिवार्य हुनु पर्ने भएकोले गाँउपालिकामा ४ जना, नगरपालिकामा ५ जना, उपमहानगरपालिकामा ७ जना, महानगरपालिकामा ८ जना महिला साथै १ जना दलित हुनु पर्ने हुन्छ। पालिका समितिमा २ जना मनोनित गर्न सकिने विधान त अधिकार भएकाले एक दलित महिला सहित २ जना नै महिला मनोनित गर्न सकिने भएको पनि गाँउपालिका समितिमा २ जना, नगरपालिका समितिमा ३ जना, उपमहानगरपालिकामा ५ जना र महानगर समितिमा ६ जना महिला अनिवार्य निर्वाचित गर्नैपर्ने हुन्छ। यदि यो संख्यामा निर्वाचित नहुने देखिएमा महिलाको निम्ती सदस्य पद आरक्षण गरी उक्त पद रिक्त राख्नु पर्नेहुन्छ ।

ग) उम्मेदवारी दिने तथा निर्वाचित हुने विधिः

| **निर्वाचित हुने स्थान** | **पद** | **उम्मेदवारी दिन सक्ने** | **निर्वाचित हुने** |
|---|---|---|---|
| पालिका समिति | सभापति, उपसभापति, सचिव, सहसचिव | सवै प्रतिनिधि | बढि मत ल्यउने |
| | **सदस्य** | सवै प्रतिनिधि | बढि मत ल्याउने |

| | | | |
|---|---|---|---|
| | गाँउपालिकामा ३, नगरपालिकामा ६, उपमहानगरपालिकामा १० र महानगरपालिकामा १३ जना | | |
| | **सदस्य**<br>गाँउपालिकामा २, नगरपालिकामा ३, उपमहानगरपालिकामा ५ र महानगरपालिकामा ६ जना | महिला प्रतिनिधि | बढि मत ल्याउने |
| जिल्ला अधिवेशन प्रतिनिधि | २०० जनासम्म सदस्य भएको पालिकामा प्रतिनिधि २ जना<br>२०० जना भन्दा बढि सदस्य भएको पालिकामा ३ जना | वडा समितिमा नभएको प्रतिनिधि सवै | बढि मत ल्याउने |
| | प्रतिनिधि १ जना | वडा समितिमा नभएको महिला प्रतिनिधि | बढि मत ल्याउने |
| प्रदेश अधिवेशन | १५१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकामा १, ३०१ भन्दा बढी पार्टी सदस्य भएको नगरपालिकामा २, ४०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगरपालिकामा ३ र ५०१ भन्दा बढी पार्टी सदस्य भएको महानगरपालिकामा ४ जना | वडा समितिमा नभएको प्रतिनिधि सवै | बढि मत ल्याउने |
| महाधिवेशन प्रतिनिधि | २०१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकामा १, ४०१ भन्दा बढी पार्टी सदस्य भएको नगरपालिकामा २, ५०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगरपालिकामा ३ र ७०१ भन्दा बढी पार्टी सदस्य भएको महानगरपालिकामा ४ जना | वडा समितिमा नभएको प्रतिनिधि सवै | बढि मत ल्याउने |

घ) विधान अनुसार तोकिएको पदहरुमा एकल उम्मेदवारी परेको भए हलबाट अनुमोदन गराई निर्विरोध चयन भएको घोषणा गर्न सक्नेछ ।

ङ) एकै पदमा एक भन्दा बढिको उम्मेदवारी परेमा उम्मेदवारहरुलाई सहमतिको लागि समय दिनु पर्नेछ । यदि तोकिएको समयसिमामा सहमति हुन नसकेमा उपस्थित प्रतिनिधिहरुले एक प्रतिनिधि एक मतको आधारमा निर्वाचन गरी लोकतान्त्रीक विधिबाट समिति निर्वाचित गर्नेछ । सहमतिको लागि अनावश्यक दबाब दिने, झुटो आश्वासन दिने जस्ता कार्य गर्न निषेध गरिएको छ ।

च) निर्वाचन कार्यविधि तथा आचासंहिता बमोजिम सबैले मतदान गर्नेछन् । मतदान प्रक्रिया सम्पन्न भएपश्चात् मतगणना गरिनेछ । मतगणना उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको रोहवरमा गरिनेछ ।

छ) पालिका सभापतिको पदमा निर्वाचित हुनको लागि खसेको मतको ५०%+१ मत ल्याउनु पर्नेछ । यदि २ भन्दा बढी उम्मेदवार भई कसैको पनि ५०%+१ मत प्राप्त नभएमा धेरै मत आउने २ उम्मेदवार विच पुन मतदान गर्नुपर्नेछ। पालिका सभापतिको अन्तिम चरणको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्द्वी स्वतः पालिका समिति सदस्य निर्वाचित हुनेछ । यो सदस्य पद संख्या सभापतिबाट मनोनित हुने संख्यामा मिलान गरिनेछ ।

ज) यदि कुनै पदमा मत बराबर आएमा लक्की ड्र गरी निर्वाचित हुने व्यवस्था गर्नुपर्नेछ ।

झ) निर्वाचन प्रक्रियाका क्रममा धाँधली वा पक्षपात गर्ने सहजीकरण समिति, उम्मेदवार वा उम्मेदवारलाई धाँधली वा पक्षपात गरेको ठहर भएमा ५ बर्षसम्म निर्वाचनमा भाग लिन र पार्टीको जिम्मेवारीमा नरहने गरी निर्वाचन समितिले निर्वाचन आयुक्तिलाई कारवाहीको सिफारिस गर्नेछ । उक्त सिफारीस सम्वन्धित कारवाही गर्ने अख्तीयार प्राप्त निकायमा पठाई कारवाही गराउन सक्नेछ ।

ञ) निर्वाचन पश्चात् कारणबस कुनै एक उम्मेदवार अयोग्य ठहर भएमा निर्वाचनका बाँकी पदहरु कायम हुनेछ ।

**१७. मत पत्र**

मत पत्र यहाँ उल्लेख गरिए बमोजिम हुनेछ । मतदान पत्रमा पार्टीको छाप र निर्वाचन संयोजकको अनिवार्य हस्ताक्षर भएको हुनु पर्ने छ ।

**राष्ट्रिय स्वतन्त्र पार्टी**

..................... **पालिका समिति मतपत्र**

**(नमुना)**

**सभापति**

| | | |
|---|---|---|
| १ | **नाम** | |
| २ | **नाम** | |

**उपसभापति**

| | | |
|---|---|---|
| १ | **नाम** | |
| २ | **नाम** | |

**सचिव**

| | | |
|---|---|---|
| १ | **नाम** | |
| २ | **नाम** | |

**सहसचिव**

| | | |
|---|---|---|
| १ | **नाम** | |
| २ | **नाम** | |

**सदस्य**

| | | |
|---|---|---|
| १ | **नाम** | |
| २ | **नाम** | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| | | |
| | | |
| | | |

**राष्ट्रिय स्वतन्त्र पार्टी**

**....................अधिवेशन/महाधिवेशन प्रतिनिधि मतपत्र**

**(नमुना)**

**महाधिवेशन प्रतिनिधि**

| | | |
|---|---|---|
| **१** | **नाम** | |
| **२** | **नाम** | |

**प्रदेश अधिवेशन प्रतिनिधि**

| | | |
|---|---|---|
| **१** | **नाम** | |
| **२** | **नाम** | |

**जिल्ला अधिवेशन प्रतिनिधि**

| | | |
|---|---|---|
| **१** | **नाम** | |
| **२** | **नाम** | |

**हस्ताक्षर**

**निर्वाचन समिति संयोजक**

### १८. बैध/अबैध मतपत्र

१. मत पत्र च्यातिएको र उम्मेदवारको नाम वा निर्वाचन चिन्ह अस्पष्ट भएको मतपत्र अमान्य हुनुपर्नेछ ।

२. मत पत्रमा अगाडी वा पछाडी पार्टीको छाप र निर्वाचन समिति संयोजकले तोकेको हस्ताक्षर अनिवार्य हुनेछ ।

३. मतदान पत्रमा केरमेट नभएको हुनुपर्नेछ ।

### १९. सदर/बदर मत

१. मतदान गर्दा मतदान पत्रमा उल्लेख भएको कोठामा ✓ चिन्ह लगाउनु पर्ने छ । यसरी चिन्ह लगाउदाँ आफुले चाहेको एक पदको लागि एक जनालाई मात्र मतदान गर्नु पर्नेछ । यदि एक पदमा एक भन्दा बढिलाई चिन्ह लगाएको खण्डमा सो मत बदर हुनेछ ।

२. बाहिर चिन्ह लगाएको खण्डमा सो मत पनि बदर हुनेछ । तर कसलाई मत दिएको सो संकेत प्रष्ट हुने गरी मिलेको खण्डमा मत सदर हुने भनि मतगणना अघि नियम बनाएमा सोही अनुसार गर्न सकिनेछ ।

३. कोठामा ✓ को साट्टा अन्य कुनै चिन्ह लगाएमा वा केरमेट गरेमा सो मत बदर हुनेछ । तर कसलाई मत दिएको सो संकेत प्रष्ट हुने गरी मिलेको खण्डमा मत सदर हुने भनि मतगणना अघि नियम बनाएमा सोही अनुसार गर्न सकिनेछ ।

## २०. मतगणना

१. मतगणना सुरक्षीत स्थानमा गरिनेछ ।

२. मतगणना हुन ुभन्दा अगाडि सवै मतपेटिकाको मुचुल्का उठाउनु पर्ने छ । मुचुल्कामा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको अनिवार्य हस्ताक्षर हुन पर्नेछ ।

३. मतगणनामा उम्मेदवार स्वयम् वा उम्मेदवारले तोकेको प्रतिनिधिको रोहवरमा मतगणना गरिनेछ । उम्मेदवार वा उम्मेदवारले तोकेको ब्यक्ति मतगणना स्थलमा तीन पटक बोलाउदा पनि नआएमा मतगणना कार्य अगाडि बढाउन बाधा पर्ने छैन ।

४. मतपत्र बैध/अबैध र मत सदर/बदर यस नियमावलीमा उल्लेख गरिएबमोजिम हुनेछ । यदि सो बारेमा विवाद भएमा निर्वाचन समितिले निर्णय दिन सक्नेछ ।

## २१. मतपेटिकाः

निर्वाचन समितिले बन्द गर्न मिल्ने प्रकृतिको मतपेटिका ब्यवस्था गर्ने छ । मतदान हुनु पुर्व उम्ममेदवार वा प्रतिनिधिको रोहवरमा मतपेटिका पूर्णरुपमा खालि गरी मतदान केन्द्रमा राखिनेछ । मतदान प्रकृया समाप्त भएपछि मतपेटिका उम्मेदवार वा प्रतिनिधिको रोहवरमा सुरक्षित गरी मतगणनाको समयमा मतपेटिका खोलिनेछ ।

## २२. निषेधित कार्यः

यस कार्यविधिको अधिनमा रही निर्वाचन गर्दा तपशिलका बुँदाहरु निषेधित गरिएको छ ।

क) निर्वाचन प्रक्रियामा कसैले पनि होहल्ला, गाली वेइज्जत गर्ने ।

ख) निर्वाचनलाई असर गर्ने गरी कुनैपनि कृयाकलाप गर्ने, मतदान भाँडभैलो गर्ने ।

ग) निर्वाचन स्थलमा तोकिएको मतदाता, निर्वाचन प्रयोजनमा तोकिएका सदस्य, प्रदेश र केन्द्र समितिले तोकेको पदाधिकारी बाहेकका अन्य कोहि उपस्थीत हुने वा गराउने ।

घ) निर्वाचन स्थलमा झैझगडामा प्रयोग हुन सक्ने र कानुनले निषेधित गरेका सामाग्रीहरु लैजाने ।

ङ) निर्वाचन कार्यतालिका भन्दा बाहिर गएर जो कसैले पनि काम गर्ने ।

च) निर्वाचन समिति र मतदातालाई प्रलोभनमा पर्ने, धम्काउने तथा निषेध गर्ने ।

छ) निर्वाचनलाई प्रभावमा पर्ने उद्देश्यले उम्मेदवारको पहिचान देखिने गरी टोपी, टिसर्ट, ज्याकेट, लकेट, झोला, पर्चा, पोष्टरीङ् जस्ता सामाग्री बनाई वितरण गर्ने तथा आर्थिक चलखेल गर्ने ।

ज) विधिवत भइरहेको निर्वाचन प्रकृयालाई भाड्ने ।

झ) उम्मेदवार वा उम्मेदवारको समर्थक समुहले अर्को उम्मेदवारलाई लक्षित गरी व्यक्तिगत लान्छाना सार्वजनिक रुपमा ब्यक्त गर्ने ।

ञ) निर्वाचन समिति र जिल्ला, प्रदेश, केन्द्रका समिति वा अन्य निकायका व्यक्तिहरुले निर्वाचनलाई प्रभावित गर्ने । आफ्नो मान्छेलाई उम्मेदवार बनाई निजको पक्षमा वकालत गर्ने ।

ट) समूहगत प्यानल बनाएर उम्मेदवारी दिने, समूहगत प्यानल बनाई सामुहिक प्रचारप्रसार गर्ने ।

यदि यहाँ उल्लेख गरिएको कार्य कसैबाट भएको खण्डमा निर्वाचन समितिले कानुन बमोजिम कारवाहिको लागि नजिकको सुरक्षा निकायलाई अनुरोध गर्न सक्नेछ । निर्वाचन कानुन, आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरुको उम्मेदवारी खारेजी सम्मको कारवाही, मतदाताहरुलाई मतदानमा रोक्न र मतदान स्थलमा प्रवेश निषेध, अन्य सदस्य र पदाधिकारीलाई कसुरको आधारमा आवश्यक कारवाहि हुनेछ ।

## २३. निर्वाचन स्थगित गर्ने अवस्था

१. मताधिकार प्राप्त प्रतिनिधिहरुको बहुमतले निर्वाचन प्रकृया स्थगित गर्ने निर्वाचन समितिमा लिखित निवेदन दिएमा ।

२. कुनै एक पक्षले निर्वाचनलाई एकपक्षीय ढंगबाट बुथ क्याप्चर गरेको खण्डमा ।

३. दुई वा दुई भन्दा बढि पक्षको दोहोरो भिडन्त भई मतदाताहरु असुरक्षित भएको खण्डमा ।

४. निर्वाचन समितिमा अनावश्यक दवाव सहित आक्रमण हुने सम्भावना भई असुरक्षित भएको आएको खण्डमा ।

५. निर्वाचन प्रकृयामा होहल्ला गरी प्रभावित पारेको खण्डमा ।

यदि निर्वाचन स्थगित भएको अवस्थामा निर्वाचन स्थगित भएको लिखित जानकारी प्रतिनिधिहरुलाई निर्वाचन समितिले गराउने छ । निर्वाचन स्थगीत भएको सूचना निर्वाचन स्थलमा समते टाँस गर्न सक्नेछ । समय अनुकुल भएपछि आवश्यकता बमोजिम स्थानीय प्रशासनको सहयोग समेतमा पून निर्वाचनको मिति, स्थान र समय तोकि निर्वाचन समितिले निर्वाचन प्रकृया सुचारु गर्नेछ ।

## २४. **निर्वाचन अभिलेखिकरण:**

अधिवेशनबाट निर्वाचित सदस्यहरुको अभिलेखिकरण र निर्णय प्रति निर्वाचन समितिले निर्वाचन आयोगलाई बुझाई आयोगले केन्द्रीय संगठन विभाग मार्फत अभिलेखिकरण राख्ने व्यवस्था गर्नु पर्नेछ ।

## २५. सपथ ग्रहण

क) निर्वाचित समितिको सभापतिलाई निर्वाचन समितिको संयोजकले अधिवेशनमा उपस्थीत माथिल्लो समितिको प्रतिनिधिको रोहवरमा शपथ ग्रहण गराउनेछ भने निर्वाचित सभापतिले अन्य निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई एकैसाथ सपथ ग्रहण गराउने छ ।

ख. शपथ ग्रहणको विवरण:

**राष्ट्रिय स्वतन्त्र पार्टी**

शपथ पत्र

म (सम्वन्धित सदस्यको पुरा नाम) ........................................................मुलुक र जनता तथा राष्ट्रिय स्वतन्त्र पार्टीको विधान प्रति पूर्ण बफादार रही सत्य निष्ठपूर्वक प्रतिज्ञा गर्दै ईश्वरका नाममा इमानका साथ शपथ लिन्छु कि

पार्टीप्रती पूर्ण बफादार रहदै पालिका समितिको ..........................................पदको कामकाज प्रचलीत कानून र पार्टीको विधानको अधिनमा रही मुलुक र जनताको भलो चिताई, कसैको डर नमानी,पक्षपात नगरी पूर्वाग्रह वा खराव भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ  काम गर्नेछु ।

धन्यवाद ।

नामः हस्ताक्षरः मितिः

नोटः यदि कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले उपदफा --------- बमोजिमको शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति वडामा त्यसको पहिलो बैठकमा भाग लिनु एक दिन अगावै निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ । सदस्यले शपथ लिए पछि आफुले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी तोकिएको निर्वाचन अधिकृतलाई वुझाउनु पर्नेछ।

### २६. विविध

क) निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन समितिले गरेको निर्णय नै आधिकारीक एवं अन्तिम हुनेछ । तर निर्वाचन समितिले नियत वा कुनै कैफियत राखि निर्णय गरेको पाईएमा केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय संगठन विभागको संयुक्त निर्णयबाट निर्वाचन समितलाई आवश्यक कारवाही गर्न सक्नेछ ।

ख) कुनै पनि कुरा चित्त नबुझेमा तत्य र प्रमाणका आधारमा पुरावेदन गर्न पाइनेछ ।

### २७. खारेजी र बचाउः

यस कार्यविधिमा माथि जेसुकै लेखिएको भएतापनि यस पार्टीको विधान एवं नेपालको प्रचलित नियम कानूनसंग बाझिने निर्णयहरु भने स्वतः खारेज हुनेछन् । साथै यो कार्यविधि जारी भएपछि यस भन्दा पहिलाको पालिका अधिवेशन सम्वन्धित सवै कार्यविधिहरु स्वतहः खारेजी हुनेछ भने उक्त कार्यविधिहरु मार्फत गरिएका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरिएको मानिनेछ ।

अनुसूची-१

# राष्ट्रिय स्वतन्त्र पार्टी

पालिका अधिवेशन

उमेदवारी दर्ता फारम

मितिः...............................

आज मिति २०८१ ...... .गते.......... भईरहेको पालिका अधिवेशनमा .................................पालिकाको पालिका समिति ................. पदमा रहनको लागी निम्न प्रस्तावक साथमा खुल्ला क्षेत्रबाट/आरक्षित क्षेत्रबाट मैले मेरो उमेदवारी दिएको छु। मेरो यो निर्वाचन प्रकृयमा पूर्ण सर्मथन छ।

अरक्षित पदमा उम्मेदवारी भए नभएको

| | |
|---|---|
| उमेदवारको नाम थरः | प्रस्तावक नाम थरः |
| सदस्यता नं | सदस्यता नं |
| हस्ताक्षरः | हस्ताक्षरः |
| जिल्लाः | जिल्लाः |
| पालिका पालिकानं. : | पालिका पालिकानं. |

# राष्ट्रिय स्वतन्त्र पार्टी

पालिका अधिवेशन

....................अधिवेशन/महाधिवेशन प्रतिनिधिको उम्मेदवारी दर्ता फारम

मितिः...............................

आज मिति २०८१ ...... .गते.......... भइरहेको पालिका अधिवेशनमा ..............................प्रतिनिधि पदमा खुल्ला क्षेत्रबाट/आरक्षित क्षेत्रबाट निर्वाचित हुनको लागि निम्न प्रस्तावक साथमा मैले मेरो उम्मेदवारी दिएको छु। मेरो यो निर्वाचन प्रक्रियामा पूर्ण सर्मथन छ ।

| | |
|---|---|
| उम्मेदवारको नाम थरः | प्रस्तावक नाम थरः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| जिल्लाः | जिल्लाः |
| पालिका | पालिका |

## अनुसूची—२

## उम्मेदवारको विरोधमा उजुरी

श्री निर्वाचन समिति संयोजक,

..............................पालिका अधिवेशन

............................... जिल्लाको..................... पालिकाको ............................... पदको उम्मेदवार हुनको लागि दर्ता नं........... मा मनोनयनपत्र दर्ता भएका श्री.................................. निम्नलिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको मनोनयनपत्र खारेज गरी पाउन यो उजुरी दिएको छु ।

उजुरीको कारण

.......................................................................................................................

.......................................................................................................................

संलग्न प्रमाण सहितको मिति----------------- सहिछाप................... समय —

नाम,थर-----------------..................

ठेगाना .................................

---

निर्वाचन समिति संयोजकले भर्ने

यो उजुरी मिति ............................... को दिन............ बजे मनोनीत उम्मेदवार वा निजको प्रतिनिधि श्री ............................... ले मेरो समक्ष दाखिल गरेको हो ।

............................

निर्वाचन समिति संयोजक

अनुसूची—३

श्री निर्वाचन समिति संयोजक,

..............................पालिका अधिवेशन

विषयः नाम फिर्ता लिएको सूचना

.........................पालिका समितिको अधिवेशनमा..... ......................... पदको निर्वाचनमा मेरो मनोनयनपत्र दाखिला भई मिति......................... मा प्रकाशित उम्मेदवारको नामावलीमा मेरो नाम समावेश भएकोमा सो निर्वाचन उम्मेदवार हुन हाल मलाई इच्छा नभएकोले आफ्नो राजी खुशीले आफ्नो नाम फिर्ता लिएको सूचना गर्दछु ।

मिति ------------------—

सहिछाप.........................

नाम, थर .........................

---

(निर्वाचन समिति संयोजकले भर्ने)

यो सूचना मिति......................... को दिन ........ बजे मेरो समक्ष दाखिला भएको हो ।

दस्तखत .........................

निर्वाचन समिति संयोजक

निर्णय माथि उल्लेख गरे बमोजिमको सूचनाको व्यहोराको सत्यतामा म सन्तुष्ट वा असन्तुष्ट भएकोले श्री.................................................. को नाम निजको उम्मेदवारको नामावलीबाट हटाउने/नहटाउने निर्णय गरेको छु ।

मिति--------------------- समय---

दस्तखत ..........................

निर्वाचन समिति संयोजक

## पालिका अधिवेशन निर्वाचन समितिले निर्वाचन प्रकृयामा तयार गर्ने बैठकको माइन्यूटको नमुना

**मितिः २०८१ / /**

**बैठक सङ्ख्या : १**

आज मिति ............ गते .......... बजे राष्ट्रिय स्वतन्त्र पार्टीको ............................ पलिकाको प्रथम पालिका अधिवेशनको निर्वाचन संचालनार्थ गठन भएको निर्वाचन समितिको संयोजक श्री ........................................ को अध्यक्षतामा बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णयहरु गरियो ।

| **उपस्थिति** | नाम | हस्ताक्षर |
|---|---|---|
| निर्वाचन संयोजक | : श्री.................................. | ...................... |
| निर्वाचन सदस्य | : श्री.................................. | ...................... |
| निर्वाचन सदस्य | : श्री.................................. | ...................... |
| अन्य आमन्त्रीत | | |

**प्रस्तावहरुः**

१) निर्वाचनको कार्यतालिका सुची प्रकाशन गर्ने

२) प्रतिनिधिहरुको प्रारम्भिक नामावली प्रकाशन गर्ने

३) प्रतिनिधिहरुको प्रारम्भिक नामावलीमा दावि विरोध गर्ने सूचना प्रकाशित गर्ने

४) विविध

**निर्णयहरुः**

१) प्रस्ताव नं १ मा छलफल गर्दा ............................................... को प्रथम पालिका अधिवेशन कार्यक्रम संचालनको लागि पालिका अधिवेशन आयोजक समितिसंग आवश्यक छलफल गरि सम्बन्धित पालिकाको प्रथम पालिका अधिवेशन कार्यक्रमको कार्यतालिका सार्वजनिक गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं २ मा छलफल गर्दा ............................................... को आयोजक समितिबाट प्राप्त नामावलीको आधारमा प्रथम पालिका अधिवेशनको प्रतिनिधिहरुको प्रारम्भिक नामावली प्रकाशन गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं ३ मा छलफल गर्दा प्रतिनिधिहरुको प्रारम्भिक नामावलीमा कसैको दावि विरोध भएमा तोकिएको फरमेटमा मिति ................................ को ........................बजे भित्र दावि विरोध गर्न सक्ने सूचना प्रकाशित गर्ने निर्णय गरियो । साथै प्राप्त दावि विरोधको छानविन गरी अन्तिम प्रतिनिधि नामावली तयार गर्ने निणर्य गरियो ।

४) प्रस्ताव नं. ४ को विविधमा

मितिः २०८१ / /

**बैठक सङ्ख्या : २**

आज मिति ............ गते ......... बजे राष्ट्रिय स्वतन्त्र पार्टीको ............................ पलिकाको प्रथम पालिका अधिवेशनको निर्वाचन संचालनार्थ गठन भएको निर्वाचन समितिको संयोजक श्री ......................................... को अध्यक्षतामा बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णयहरु गरियो ।

| **उपस्थिति** | नाम | हस्ताक्षर |
|---|---|---|
| निर्वाचन संयोजक | : श्री.................................. | ...................... |
| निर्वाचन सदस्य | : श्री.................................. | ...................... |
| निर्वाचन सदस्य | : श्री.................................. | ...................... |
| अन्य आमन्त्रीत | | |

**<u>प्रस्तावहरुः</u>**

१) प्रतिनिधिहरुको अन्तिम नामावली प्रकाशन गर्ने

२) उम्मेदवारी आह्वान गर्ने

३) विविध

निर्णयहरु:

१) प्रस्ताव नं. १ मा छलफल गर्दा प्रतिनिधिहरुको प्रारम्भिक नामवली प्रकाशन गरिएकोमा देहायका प्रतिनिधिहरुको बारेमा दावि विरोध आएकोमा उक्त दावि विरोधको छानविन गरी प्रतिनिधिहरुको अन्तिम नामावली तयार गरी उक्त नामावली प्रकाशन गर्ने निर्णय गरियो ।

दावि विरोध आएकाहरुको विवरण:

२) प्रस्ताव नं २ मा छलफल गर्दा अधिवेशनको प्रतिनिधिहरुको अन्तिम नामावलीमा नाम भएका प्रतिनिधिहरुले मात्रै उम्मेदवारी दिन सक्ने भएकाले सवै प्रतिनिधिहरुकोमा सूचना पुग्ने गरी पालिका समिति र जिल्ला अधिवेशन, प्रदेश अधिवेशन तथा महाधिवेशन प्रतिनिधिमा रहनको लागी कार्यविधिमा तोकिए बमोजिमको उम्मेदवारी शुल्क सहित उम्मेदवारी आह्वान गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं ३ को विविधमा छलफल गर्दा

**मितिः २०८१ /      /**

**बैठक सङ्ख्या : ३**

आज मिति ............ गते .......... बजे राष्ट्रिय स्वतन्त्र पार्टीको ............................ पलिकाको प्रथम पालिका अधिवेशनको निर्वाचन संचालनार्थ गठन भएको निर्वाचन समितिको संयोजक श्री ..................................... को अध्यक्षतामा बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णयहरु गरियो ।

| **उपस्थिति** | नाम | हस्ताक्षर |
|---|---|---|
| निर्वाचन संयोजक | : श्री.................................. | ...................... |
| निर्वाचन सदस्य | : श्री.................................. | ...................... |
| निर्वाचन सदस्य | : श्री.................................. | ...................... |
| अन्य आमन्त्रीत | | |

**<u>प्रस्तावहरुः</u>**

१) उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गर्ने

२) उम्मेदवारको प्रारम्भिक नामावलीमा दावि विरोधको सूचना जारी गर्ने

३) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने

४) विविध

निर्णयहरुः

१. प्रस्ताव नं १ मा छलफल गर्दा देहाय बमोजिमका उम्मेदवारी परेकोले उम्मेदवारहरुको प्रारम्भिक नामावली प्रकाशन गर्ने निर्णय गरियो ।

पालिका समिति

| पद | नाम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|
| सभापति | | | |

| | | | |
|---|---|---|---|
| उपसभापति | | | |
| सचिव | | | |
| सहसचिव | | | |
| सदस्यहरु | | | |
| | | | |
| | | | |
| | | | |

जिल्ला, प्रदेश अधिवेशन तथा महाधिवेशन प्रतिनिधि

| पद | नाम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|
| जिल्ला अधिवेशन प्रतिनिधि | | | |
| जिल्ला अधिवेशन प्रतिनिधि | | | |
| जिल्ला अधिवेशन प्रतिनिधि | | | |
| जिल्ला अधिवेशन प्रतिनिधि | | | |
| प्रदेश अधिवेशन प्रतिनिधि | | | |
| प्रदेश अधिवेशन प्रतिनिधि | | | |
| प्रदेश अधिवेशन प्रतिनिधि | | | |
| प्रदेश अधिवेशन प्रतिनिधि | | | |
| महाधिवेशन प्रतिनिधि | | | |
| महाधिवेशन प्रतिनिधि | | | |
| महाधिवेशन प्रतिनिधि | | | |
| महाधिवेशन प्रतिनिधि | | | |

२. प्रस्ताव नं. २ मा छलफल गर्दा उम्मेदवारहरुको प्रारम्भिक नामावलीमा कसैको दावि विरोध भएका तोकिएको फरमेटमा दाविविरोध दिन सक्ने सूचना जारी गर्ने निर्ण गरियो । साथै दावि विरोध आएमा उक्त दावि विरोधको बारेमा आवश्यक छानविन गरी अन्तिम नामावली तयारी गर्ने निर्ण गरियो ।

३) प्रस्ताव नं. ३ मा छलफल गर्दा उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ को विविधमा छलफल गर्दा

**मितिः २०८१ /      /**

**बैठक सङ्ख्या : ४**

आज मिति ............ गते .......... बजे राष्ट्रिय स्वतन्त्र पार्टीको ........................... पलिकाको प्रथम पालिका अधिवेशनको निर्वाचन संचालनार्थ गठन भएको निर्वाचन समितिको संयोजक श्री .......................................... को अध्यक्षतामा बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णयहरु गरियो ।

| **उपस्थिति** | नाम | हस्ताक्षर |
|---|---|---|
| निर्वाचन संयोजक | : श्री.................................. | ...................... |
| निर्वाचन सदस्य | : श्री.................................. | ...................... |
| निर्वाचन सदस्य | : श्री.................................. | ...................... |
| अन्य आमन्त्रीत | | |

**प्रस्तावहरुः**

१) निर्वाचन कार्यतालिका प्रकाशन गर्ने

२) निर्वाचन गराउने

३) विविध

निर्णयहरुः

१) प्रस्ताव नं १ मा छलफल गर्दा देहाय बमोजिमको निर्वाचन कार्य तालिका प्रकाशन गर्ने निर्णय गरियो ।

(एक पदमा एक मात्रै उम्मेदवारी परेको अवस्थामा निर्वाचन कार्यतालिका)
विजयी उम्मेदवार घोषणा र सपथ ग्रहण कार्यक्रम ................ देखि ............... बजे सम्म

(एक पदमा एक भन्दा बढि उम्मेदवारी परेको अवस्थामा निर्वाचन तालिका)

उम्मेदवारले उम्मेदवारी फिर्ता लिने ................ देखि ............... बजे सम्म
मतदानको तयारी ................ देखि ............... बजे सम्म
मतदान ................ देखि ............... बजे सम्म
मतगणना ................ देखि ............... बजे सम्म
विजयी उम्मेदवारको घोषणा ................ देखि ............... बजे सम्म
सपथ ग्रहण कार्यक्रम ................ देखि ............... बजे सम्म

२) प्रस्ताव नं. २ मा छलफल गर्दा निर्वाचन कार्यविधि अनुसार तोकिएको कार्यतालिका अनुसार निर्वाचन गरी समिति चयन गर्ने निर्णय गरियो । साथै निर्वाचित समिति साथै निर्वाचन समितिको सवै कार्यको प्रतिवेदन निर्वाचन समिति सिफारीस समिति मार्फत  केन्द्रीय निर्वाचन आयोगलाई बुझाउने निर्णय गरियो ।

# राष्ट्रिय स्वतन्त्र पार्टी

## पालिका समिति अधिवेशको माइन्यूट

मिति:.................................

आज मिति २०८१ ...................महिनाको ........गते यस .........................जिल्लाको ......................... पालिकामा देहायको उपस्थीतीमा भएको पालिका अधिवेशनमा निम्न विषयहरुमा छलफल गरी निर्णयहरु गरियो ।

| क्र.सं. | नामः | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**प्रस्तावहरुः**

१.पालिका समिति गठन गर्ने बारे ।

२. महाधिवेशन, प्रदेश अधिवेशन र जिल्ला अधिवेशन प्रतिनिधि छनौट बारे

३. जानकारी गराउने बारे ।

४. विविध

**निर्णयहरुः**

**निर्णय नं. १ः** प्रस्ताव नं. १ उपर छलफल गर्दा यस राष्ट्रिय स्वतन्त्र पार्टीको अधिवेशनले पालिका समितिमा देहाय बमोजिमको समिति चयन गर्ने निर्णय गरियो ।

| क.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| 1. | | | | | |
| 2. | | | | | |
| 3. | | | | | |
| 4. | | | | | |
| 5. | | | | | |
| 6. | | | | | |
| 7. | | | | | |
| 8. | | | | | |
| 9. | | | | | |
| 10. | | | | | |
| 11. | | | | | |

**निर्णय नं. २** प्रस्ताव नं. २ उपर छलफल गर्दा यस राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशन, प्रदेश अधिवेशनले र जिल्ला अधिवेशनको प्रतिनिधि देहाय बमोजिमको चयन गर्ने निर्णय गरियो ।

महाधिवेशन प्रतिनिधि

| क.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 1. | | | | | |
| 2. | | | | | |
| 3. | | | | | |
| 4. | | | | | |

प्रदेश अधिवेशन प्रतिनिधि

| क.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| 1. | | | | | |
| 2. | | | | | |
| 3. | | | | | |
| 4. | | | | | |

जिल्ला अधिवेशन प्रतिनिधि

| क.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| 1. | | | | | |
| 2. | | | | | |
| 3. | | | | | |
| 4. | | | | | |
| 5. | | | | | |

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा यस अधिवेशनले चयन गरेको समितिको विवरण तथा अन्य निर्णयहरुको बारेमा सम्वन्धित निकायहरुलाई जनाकारी गराउने निर्णय गरियो ।

४.